**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. ३७

पुनरावेदन दर्ता मितिः२०७६।०७।२१

पुनरावेदन नं. ०७६-RB-००९१

**मुद्दाः– भन्सार वर्गीकरण (M१९६८९)**

का.जि.का.म.न.पा. वडा नं. १ अवस्थित हिम इलेक्ट्रोनिक्स प्रा.लि. को तर्फबाट अख्तियार प्राप्त संचालक शेखर गोल्छा...............................................................१ } पुनरावेदक

**विरुद्ध**

भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौ..............................................................१ } प्रत्यर्थी

सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया पर्सा..................................................१

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्सा

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख भन्सार अधिकृत श्री सुर्यप्रसाद सेडाई

शुरु निर्णय मिति :- २०७५।०७।३०

**पुनरावेदन तहमा निर्णय गर्ने कार्यालय र अधिकारीः**

वर्गीकरणको निर्णय गर्ने कार्यालयः भन्सार विभाग,त्रिपुरेश्वर,काठमाडौ

निर्णय गर्ने अधिकारीः महानिर्देशक श्री रामेश्वर दंगाल

निर्णय मितिः- २०७६।०५।०६

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता द्वय श्री रमणकुमार कर्ण र श्री प्रेरणा उप्रेति
प्रत्यर्थीको तर्फबाट : विद्वान उप न्यायाधिवक्ता श्री दिपक भण्डारी

**अवलम्वित नजीरः** ×

सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया पर्साबाट भएको मिति २०७५।०७।३० को वर्गीकरणको निर्णय भन्सार विभागका महानिर्देशक समक्ष पेश भई भन्सार विभागका महानिर्देशकबाट मिति २०७६।०५।०६ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(५) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. पैठारीकर्ता श्री HIM Electronics Pvt.Ltd.,Kathmandu ले M/S Samsung India Electronics Pvt.Ltd.,India बाट खरिद गरी पैठारीका लागि ल्याएको Samsung Panels of LED TV लाई उपशिर्षक 8529.90.10 अन्तर्गत पर्ने भनी घोषणा गरी जाँचपासका लागी मिति २०७५।०७।३० मा पेश गरेको।

२. पैठारीकर्ता श्री HIM Electronics Pvt.Ltd.,Kathmandu ले M/S Samsung India Electronics Pvt.Ltd.,Indiaबाट खरिद गरी पैठारीका लागि ल्याएको Samsung Panels of LED TV लाई भन्सार उपशिर्षक 8529.90.10 अन्तर्गत पर्ने भनी घोषणा गरी जाँचपासका लागी पेश गरेकोमा प्रस्तुत मालबस्तुको भौतिक परीक्षण गर्दा उक्त मालबस्तु Panel भनी घोषणा गरेको भए तापनि यी मालबस्तुमा पूर्ण वा तयारी मालबस्तुमा हुने आवश्यक लक्षण भएको देखिएकोले हार्मोनाईज्ड सिष्टमको व्याख्या सम्बन्धी नियमहरूको नियम २(क) बमोजिम अपूर्ण मालबस्तुलाई पूर्ण बस्तुमा हुने आवश्यक विशेषता (Essential Character) ग्रहण गरेको हदसम्म पूर्ण बस्तु सरह भन्सार उपशिर्षक ८५२८.७२.०० बाट वर्गीकरण हुनुपर्ने भन्ने मिति २०७५।०५।२२ को सुख्खा बन्दरगाह भन्सार कार्यालय सिर्सिया, पर्साको निर्णय बमोजिम नै भन्सार उपशिर्षक ८५२८.७२.०० बाट वर्गीकरण गर्न मिति २०७५।०७।३० को निर्णय।

३. पैठारीकर्ता श्री हिम इलेक्ट्रोनिक्स प्रा.ली.,स्थायी लेखा नं ३०००४४६२७ काठमाण्डौले प्रज्ञापन नं M१७३२८ मा घोषणा गरेको मालबस्तु LED TV PANEL को वर्गीकरणमा द्विविधा देखिएकोले प्रज्ञापन पत्र नं.M१७३३६ मा थप महशुल धरौटीमा जम्मा गरी सो मालबस्तु जाँचपास गरिएको हुँदा सही वर्गीकरण एकिन हुनका लागि कार्यालयको राय सहित मालबस्तु शिलछाप गरि

पठाइएको छ भन्ने मिति २०७५।०६।२६, च.नं.६७४ को सुख्खा बन्दरगाह भन्सार कार्यालय सिर्सिया,पर्साको भन्सार विभागको महानिर्देशकलाई लेखेको पत्र।

४. यसमा पूर्ण टिभि हुनका लागि थप आवश्यक पर्ने Main Board,Speaker,Power Cable,Key Control,T-con board जस्ता पार्टस नभएतापनि तयारी टेलिभिजनको आवश्यक लक्षण वा विशेषता (Essential Character) प्राप्त गरेकोले कार्यालयबाट राय पेश भए बमोजिम हार्मोनाइज्ड वस्तु वर्गीकरणको व्याख्या सम्बन्धी सामान्य नियमहरूको नियम १,२(क) र ६ बमोजिम उक्त Samsung Panels of LED TV भनी घोषणा गरिएको मालबस्तुलाई शीर्षक ८५.२८ अन्तर्गत उपशीर्षक ८५२८.७२.०० बाट वर्गीकरण गर्ने गरी भन्सार ऐन,२०६४ को दफा २२ को उपदफा ७ बमोजिम भन्सार उपशिर्षक तोकिएको भन्ने मिति २०७६।०५।०६ मा भन्सार विभागका महानिर्देशकबाट भएको निर्णय पर्चा।

५. यस कार्यालयको प्रज्ञापन नं M-17336 मिति२०७५।०६।२२ M-19689 मिति २०७५।०७।३० र M-20646 मिति २०७५।०८।१३ बाट धरौटीमा राखिएको जम्मा रकम रू.५,७५,२७,७३३।- मिति २०७६।०५।३० को निर्णयानुसार सदर स्याहा गरिएको भन्ने समेत वेहोराको मिति२०७६।०६।०१ को सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया पर्साको पत्रबाट पैठारीकर्ता श्री हिम इलेक्ट्रोनिक्स प्रा.लि.लाई लेखिएको पत्र।

६. भन्सार ऐन, २०६४ को तत्कालिन दफा ८९(१) मा कुनै मालबस्तु हाम्रोनाइज्ड पद्धतिको कुन शिर्षकमा वा उपशिर्षकमा पर्छ भन्ने कुरामा द्विविधा उत्पन्न भएमा भन्सार अधिकृतले सो मालबस्तुलाई महानिर्देशकले तोकिए बमोजिमको शिर्षक वा उपशिर्षकमा वर्गीकरण गर्नुपर्ने छ भनी उल्लेख भएको छ। यसमा भन्सार ऐन, २०६४ ऐ.दफा ८९(४) को अधिनमा रही विश्व भन्सार संगठन समेतको राय लिई मिति २०७१।०३।१७ मा महानिर्देशकज्युबाट LED TV Panel लाई भन्सार उपशिर्षक ८५२९.९०.१० बाट वर्गीकरण गर्ने निर्णय भई सोही निर्णयको आधारमा विपक्षी कार्यालयले भन्सार उपशिर्षक ८५२९.९०.१० मा LED TV Panel हरु जाँचपास गर्दै आइरहेको अवस्थामा सुख्खा बन्दरगाह कार्यालयले सो भन्सार विभागको महानिर्देशकज्युबाट मिति २०७१।०३।१७ मा भएको निर्णयलाई वेवास्ता गरी Samsung Panels of LED TV भनी घोषणा गरिएको मालबस्तुलाई शीर्षक ८५.२८ अन्तर्गत उपशीर्षक ८५२८.७२.०० बाट पुनः वर्गीकरण गर्ने निर्णय गरी कार्यालयको राय सहित मालबस्तु शिलछाप गरी भन्सार विभागमा पठाइएकोमा भन्सार विभागबाट मिति २०७६।०५।०६ भएको निर्णयको आधारमा विपक्षी कार्यालयबाट भन्सार उपशिर्षक ८५२८.७२.०० कायम गर्ने गरी भएको निर्णय पुर्वाग्रही हुँदा विपक्षी भन्सार विभागबाट मिति २०७६।५।६ मा LED TV Panel लाई भन्सार उपशिर्षक ८५२८.७२.०० कायम गर्न सम्बन्धमा भएको निर्णय र उक्त निर्णयको आधारमा विभागबाट मिति २०७६।०५।११ मा प्रेषित परिपत्र तथा सो पश्चात विपक्षी सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट मिति २०७६।०५।३० मा सदरस्याहा गर्ने सम्बन्धमा भएको दुराषययुक्त पुर्वाग्रही

दुषित एंव गैरकानुनी निर्णय समेत बदर गरी LED TV Panel को लागि भन्सार उपशिर्षक ८५२९.९०.१० कायम गरी धरौटी वापत राखिएको रकम फिर्ता दिलाई पाउ भन्ने व्यहोराको पुनरावेदक पैठारीकर्ताले मिति २०७६।२।२४ मा यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको लागि विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु। सहकर्मी लेखा सदस्यले अधिकारक्षेत्रको प्रश्न र हदम्यादको प्रश्न सम्बन्धमा छुट्टै राय व्यक्त गरेको भए पनि भन्सार विभागका महानिर्देशकले भन्सार ऐन, २०६४ को दफा २२(७) वमोजिम गरेको वर्गीकरणको निर्णय उपर यस न्यायाधिरकणमा पुनरावेदन लाग्ने वा नलाग्ने भन्ने समेतको कानुनी प्रश्नको निरोपण दुवै पक्षको उपस्थितिमा सुनुवाइ गरी गर्न उपयुक्त हुने भएकोले उक्त राय संग सहमत हुन सकिएन। राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ५ को उपदफा (३) वमोजिम अध्यक्षको राय वमोजिमको आदेश कार्यान्वयन गर्नु भन्ने समेत यस न्यायाधिकरणका अध्यक्षबाट मिति २०७९।०१।०९ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

८. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक हिम इलेक्ट्रोनिक्स प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता द्वय श्री रमणकुमार कर्ण र श्री प्रेरणा उप्रेनिले मिति २०७१।०३।१७ मा भन्सार विभागका महानिर्देशकज्युबाट LED TV Panel लाई भन्सार उपशिर्षक ८५२९.९०.१० बाट वर्गीकरण गर्ने निर्णय भई सकेकोमा सोही निर्णयको आधारमा विपक्षी कार्यालयले भन्सार उपशिर्षक ८५२९.९०.१० मा LED TV Panel हरु जाँचपास गर्दै आइरहेको अवस्थामा विभागको महानिर्देशकज्युबाट मिति २०७६।०५।०६ मा सोही विषयमा प्रमाण नै नवुझी भन्सार उपशिर्षक ८५२८.७२.०० मा पुनः वर्गीकरण गरेको मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान् उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले भन्सार विभागको महानिर्देशकज्युबाट मिति २०७६।०५।०६ मा भएको भन्सार वर्गीकरण निर्णय कानूनसम्मत नै देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

९. पुनरावेदक पैठारीकर्ताको तर्फबाट लिइएका पुनरावेदन जिकीर, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, भन्सार विभागको महानिर्देशकबाट मिति २०७६।०५।०६ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक पैठारीकर्ताको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. निर्णयतर्फ विचार गरी मिसिल अध्ययन गर्दा, सर्वप्रथम सहकर्मी लेखा सदस्यले प्रस्तुत पुनरावेदन यस न्यायाधिकरणमा लाग्न नसक्ने र पुनरावेदक पैठारीकर्ताले राख्नुपर्ने धरौटी रकम नपुग भएको

भनी फरक मत प्रकट गर्नुभएको हुँदा पैठारीकर्ताको प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा लाग्ने नलाग्ने के हो र पैठारीकर्ताबाट पुनरावेदन पत्र दायर गर्दा कानून वमोजिम राख्नुपर्ने धरौटी राखे नराखेको के रहेछ भन्ने कानुनी प्रश्नहरु उपर विचार गर्नुपर्ने हुन आयो। पैठारीकर्ताको यस न्यायाधिकरणमा प्रस्तुत पुनरावेदन पत्र लाग्ने नलाग्ने के हो भन्ने पहिलो कानुनी प्रश्न उपर विचार गर्दा, पैठारीकर्ता हिम इलेक्ट्रोनिक्स प्रा.लि.ले प्रज्ञापन पत्र नं.M19689 मा घोषणा गरेको मालवस्तु LED TV PANEL को वर्गीकरण उपशिर्षक संशोधनको निर्णय सुख्खा बन्दरगाहा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतले गरेको नभई यस्तै मालवस्तुको हकमा मिति २०७५।०६।२२ मा गरेको निर्णयमा वर्गीकरणमा द्विविधा देखिएकोले थप महशुल धरौटीमा जम्मा गरी सो मालवस्तु जाँचपास गरेको र सही वर्गीकरण यकिन हुनको लागि कार्यालयको राय सहित भन्सार ऐन, २०६४ को दफा २२(७) वमोजिम प्रत्यर्थी भन्सार विभागका महानिर्देशक समक्ष पठाएको कारण यस प्रज्ञापन पत्रसँग सम्बन्धित मालवस्तु पनि भन्सार उपशिर्षक ८५२८.७२.०० बाट जाँच पास गरेको देखिन्छ।उक्त मालवस्तुको भन्सार शीर्षक ८५.२८ अन्तर्गत उपशीर्षक ८५२८.७२.०० बाट वर्गीकरण गर्ने गरी भन्सार ऐन, २०६४ को दफा २२(७) वमोजिम महानिर्देशकले मिति २०७५।०५।०६ मा निर्णय गरे उपर पैठारीकर्ताले यस न्यायाधिकरणमा प्रस्तुत पुनरावेदन पत्र दर्ता गरेको देखियो। भन्सार ऐन, २०६४ को दफा ६१क. को उपदफा (३) मा महानिर्देशकले दफा २२ को उपदफा (७) वमोजिम निर्णय गर्दा लिनुपर्ने आधार समेत स्पष्ट गरिएको र भन्सार ऐन,२०६४ को दफा ६२ को उपदफा (५) मा दफा ६१क. वमोजिम महानिर्देशकले गरेको वर्गीकरणको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले ३५ दिन भित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ भन्ने व्यवस्था रहेको देखिँदा प्रस्तुत पुनरावेदन यस न्यायाधिकरणमा लाग्न सक्ने नै देखिन आयो।

११. त्यसैगरि पैठारीकर्ताबाट प्रस्तुत पुनरावेदन पत्र दायर गर्दा कानून बमोजिम राख्नुपर्ने धरौटी राखे नराखेको के रहेछ भन्ने अर्को कानूनी प्रश्न तर्फ हेर्दा, राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(ख) को परिपालना गरेको देखिन्छ वा देखिदैन भन्ने प्रश्न तर्फ विचार गर्नुपर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा **"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था गर्दै खण्ड(ख) मा भन्सार महसुल वा अन्तशुल्क निर्धारण भएकोमा निर्धारित भन्सार महसूल वा अन्तशुल्कको रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा दुवै रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दामा सुख्खा बन्दरगाह भन्सार कार्यालय कार्यालयले पैठारीकर्तालाई प्रज्ञापन पत्र नं.M19689 मार्फत पैठारी गरेको मालवस्तुको मिति २०७५।०७।३० को निर्णयले निर्धारण गरेको भन्सार

महशुल रू.२,४९,३१,९३९।- रहेकोमा विवाद देखिंदैन। पैठारीकर्ताले पुनरावेदन पत्रको शुरू प्रकरणमा नै भन्सार ऐन,२०६४ को दफा ६२(२) बमोजिम प्रस्तुत पुनरावेदन वापत लाग्ने धरौटी रू २,४९,३१,९३९।- दाखिला गरेको निस्सा यसैसाथ संलग्न गरेको भन्ने वेहोरा उल्लेख गरी एभरेष्ट बैंक लिमिटेडमा सन १६.११.२०१८ मा राजस्व न्यायाधिकरण धरौटी भनी प्रयोजन समेत खुलाई रू. २,४९,३१,९३९।- जम्मा गरेको Deposit Slip पेश गरेको देखिन्छ।यसरी पैठारीकर्ताले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(ख) बमोजिम लागेको महशुल पुरै रकम  धरौटी वापत बुझाएको प्रमाण साथ राखी पुनरावेदन गरेको कुरा मिसिलबाट पुष्टि भईरहेको हुँदा पुनरावेदकले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(ख) को परिपालना नगरेको भन्नु कानून सम्मत हुने देखिएन ।त्यसैले पुनरावेदन पत्र खारेज हुनुपर्ने भनी सहकर्मी लेखा सदस्यले व्यक्त गरेको राय न्यायोचित नदेखिँदा सहमत हुन सकिएन।

१२. अब पैठारीकर्ताको पुनरावेदन जिकीर तर्फ दृष्टि दिँदा, भन्सार विभागका महानिर्देशकले मिति २०७१।०३।१७ मा LCD/LED TV Panel भन्सार उपशिर्षक ८५२९.९०.१० बाट वर्गीकरण गर्ने भनी निर्णय गरेकोमा सो निर्णयलाई वेवास्था गरी पुन Samsung Panels of LED TV भनी घोषणा गरिएको मालबस्तुलाई शीर्षक ८५.२८ अन्तर्गत उपशीर्षक ८५२८.७२.०० बाट वर्गीकरण गर्ने निर्णय गरि कार्यालयको राय सहित मालबस्तु शिलछाप गरि भन्सार विभागमा पठाइएकोमा भन्सार विभागबाट मिति २०७६।०५।०६ भएको निर्णयको आधारमा विपक्षी कार्यालयबाट भन्सार उपशिर्षक ८५२८.७२.०० कायम गर्ने गरी भएको निर्णय पुर्वाग्रही हुँदा विपक्षी भन्सार विभागबाट मिति २०७६।०५।०६ मा LED TV Panel लाई भन्सार उपशिर्षक ८५२८.७२.०० कायम गर्न सम्बन्धमा भएको निर्णय र उक्त निर्णयको आधारमा विभागबाट मिति २०७६।०५।११ मा प्रेषित परिपत्र तथा सो पश्चात विपक्षी सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट मिति २०७६।०५।३० मा धरौटी सदरस्याहा गर्ने सम्बन्धमा भएको दुराषययुक्त पुर्वाग्रही दुषित एंव गैरकानुनी निर्णय समेत बदर गरी LED TV Panel को लागि भन्सार उपशिर्षक ८५२९.९०.१० कायम गरी प्रज्ञापन पत्र M19689 मा धरौटी वापत राखिएको रकम फिर्ता दिलाई पाउ भन्ने पैठारीकर्ताको पुनरावेदन जिकीर रहेको देखिन्छ।

१३. यिनै पुनरावेदक पैठारीकर्ता श्री हिम इलेक्ट्रोनिक्स प्रा.लि.काठमाडौंले प्र.द.नं. M१७३२८ बाट पैठारी गरेको LED TV Panel को हकमा भन्सार विभागका महानिर्देशकले पूर्व वर्गीकरणलाई वेवास्ता गरी फरक भन्सार उपशीर्षक ८५२८.७२.०० बाट वर्गीकरण गर्ने गरी मिति २०७६।०५।०६ मा गरेको निर्णयलाई चुनौति दिई दायर गरेको लगाउको ०७६-RB-००९२ को मुद्दामा आज यसै इजलासबाट भन्सार विभागको मिति २०७६।०५।०६ को निर्णय बदर भई पुनः निर्णयको लागि मिसिल भन्सार विभागमा पठाउने निर्णय भएको हुँदा सोही मुद्दामा विवेचित आधार र कारणबाट प्रस्तुत मुद्दामा समेत समान मालवस्तु, समान प्रश्न र भन्सार

विभागको मिति २०७६।०५।०६ को समान निर्णयलाई चुनौति दिएको देखिँदा प्रज्ञापन पत्र नं.M१७३३६ को मालवस्तुसँग सम्बन्धित उक्त मुद्दासँग प्रज्ञापन पत्र नं. M 19689 को मालवस्तु सम्बन्धी प्रस्तुत मुद्दा समेत अन्तरप्रभावित रहेकोले विपक्षी भन्सार विभागका महानिर्देशकको मिति २०७६।०५।०६ को निर्णय बदर गरी पुनः निर्णयको लागि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(२) वमोजिम मिसिल भन्सार विभागमा पठाउनु पर्ने देखियो।

१४. तसर्थ, माथि उल्लिखित तथ्य आधार एवं कारण समेतबाट भन्सार विभागले LCD/LED TV PANELS भनिएको मालवस्तुलाई मिति २०७१।०३।१७ को निर्णय अनुसार ८५२९.९०.०० अन्तर्गत वर्गीकरण गर्ने भनी परिपत्र गरेको मिसिल संलग्न प्रमाणबाट देखिएको स्थितिमा यस पूर्व वर्गीकरण नभएको भन्ने गलत तथ्य उल्लेख गरी पूर्व निर्णय भन्दा फरक गरी उक्त मालवस्तुलाई भन्सार उपशिर्षक ८५२८.७२.०० बाट वर्गीकरण गर्न पर्नाको आधार र कारण नखोली भन्सार विभागका महानिर्देशकवाट मिति २०७६।०५।०६ मा गरिएको वर्गीकरण त्रुटीपूर्ण हुँदा बदर गरि दिएको छ। अव पूर्व निर्णय समेतको विवेचना गरी वर्गीकरण सम्बन्धमा आधार र कारण खोली पुन निर्णय गर्नु भनी मिसिल भन्सार विभागमा पठाइदिने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू ।

**<u>तपसिल खण्ड</u>**

१. माथि ठहर खण्डमा लेखिए बमोजिम भन्सार विभागका महानिर्देशकवाट मिति २०७६।०५।०६ मा गरिएको वर्गीकरण त्रुटीपूर्ण हुँदा भई अव पूर्व निर्णय समेतको विवेचना गरी वर्गीकरण सम्बन्धमा आधार र कारण खोली पुनःनिर्णय गर्नु भनी मिसिल भन्सार विभागमा पठाउने ठहरेकोले तारेखमा रहेका पैठारीकर्तालाई भन्सार विभागको तारेख तोकी फैसला सहितको शुरु मिसिल समेत भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौमा पठाई दिनू।

२. प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू।

३. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

४. प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

५. प्रस्तुत पुनरावेदन दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

गोविन्द प्रसाद अधिकारी
(राजस्व सदस्य)

<u>लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईंको राय</u>

१. यसमा भन्सार सुख्खा वन्दरगाह भन्सार कार्यालयबाट हिम इलेक्ट्रोनिक्स प्रा.लि. काठमाण्डौ (स्थायी लेखा नं ३०००४४६२७) ले पैठारी गरेको सामानको मूल प्रज्ञापन पत्र नं. M१९६३९ सन् १५ नोभेम्बर २०१८ मा चेकजाँच गर्दा पैठारी कर्ताले घोषणा गरेको शिर्षक ८५२९.९०.१० भनिएका सामानको भन्सार विभागको प.सं. वर्गीकरण परिपत्र/०७५/७६ च.नं. १२८ को पत्र र मिति २०७५।०४।२४ को निर्णयानुसार LED TV PANELS भनिएको मालवस्तुको भन्सार वर्गीकरण उपशिर्षक ८५२८.७२.०० अन्तर्गत पर्ने भनि सोहि बमोजिम नै वर्गीकरण अनुसारको नपुग रकम प्रज्ञापन पत्र नं. M१९६८९ सन् १६ नोभेम्बर २०१८ मा प्रज्ञापन पत्र भरी सामानजाँचपास गरेको देखिएको छ। प्रज्ञापन पत्र नं. M१९६८९ सन् १६ नोभेम्बर २०१८ बाट महशुल लिन भएको मिति २०७५।०७।३० को निर्णय उपर चित्त नबुझे मिति २०७५।९।०१ भित्र भन्सार विभागका महानिर्देशक तथा मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाडौमा पुनरावलोकनका लागि निवेदन नदिइ पुनरावेदन नै नलाग्ने प्रस्तुत मुद्दा भन्सार ऐन, २०६४ को दफा ६२(१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम थप भन्सार महशुल रु.२,४९,३१,९३९।- शतप्रतिशतले हुने पुनरावेदन धरौटी रु.२,४९,३१,९३९।- दाखिला गराएर पुनरावेदन पत्र दर्ता गर्नु पर्नेमा धरौटी रकम पुगे/नपुगेको यकिन समेत नगरी रु.२,४९,३१,९३९।- न्यून भएको अवस्थामा स्रेस्तेदारबाट स्वीकृत गरी मिति २०७६।०७।२१ मा पुनरावेदन दर्ता गरेको पाइयो।

२. राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा २, ३, ५, ६, ९ र १४ क्रमशः परिभाषा, स्थापना र गठन, अधिकारक्षेत्रको प्रयोग, अधिकारक्षेत्र, पुनरावेदन सम्बन्धमा धरौट राख्ने र म्याद र न्यायाधिकरणमा पुनरावेदन लाग्ने मुद्दाहरुको शुरु कारवाही र किनारा गर्ने अड्डा वा अधिकारीलाई पक्ष र साक्षी झिकाउने, बयान लिने, प्रमाण बुझ्ने, कागजपत्र दाखिल गराउने र दण्ड सजाय गर्ने समेत प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुने कानूनी व्यवस्था गरेको छ। साथै यो ऐनको प्रभावकारी कार्यान्वयन गर्न र ऐनको उद्देश्य पूर्ति गर्नको लागि नेपाल सरकारले नियम बनाउन सक्ने व्यवस्था दफा १५ मा गरिएको छ।४८ वर्ष पहिले विक्रम सम्बत २०३१ सालमा बनेको ऐनमा भएको व्यवस्था

कार्यान्वयन गर्न नियम नबनाइनु ऐनमा भएका उल्लिखित दफाहरुमा न्यायाधिकरणको काम, कर्तव्य, विधि र प्रकृया स्पष्ट भएर नै हो भन्ने बुझ्नु पर्ने भयो। न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा र दर्ता भएका मुद्दाहरुको सुनुवाई गर्नु भन्दा पहिले प्रारम्भिक चरण मै दफा ६ बमोजिमको न्यायाधिकरणको अधिकार क्षेत्र र दफा ९ बमोजिमको पुनरावेदन दर्ता गर्न दाखिल गर्नु पर्ने धरौट र पुनरावेदनको म्याद ऐनमा भएको व्यवस्था अनुसार भए नभएको यकिन गर्नु पर्ने देखियो। करदाता पुनरावेदकले पुनरावेदन पत्रमा न्याय निरोपणका लागि दावी गरेका, प्रत्यर्थीले भन्सार महशुल र कर निर्धारणमा गर्दा भए/गरेका कानूनी त्रुटीहरुको सुनुवाई गर्न मुद्दाको प्रत्यर्थी नेपाल सरकारलाई स्वच्छ सुनुवाइका लागि जानकारी दिई झिकाउनु पर्ने प्रचलित कानूनमा व्यवस्था गरिएको छ। न्यायाधिकरण प्रशासनले पुनरावेदन दर्ता गर्दा यस ऐन बमोजिम पुर्याउनु पर्ने रित र पुनरावेदकले पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने पुनरावेदन धरौटी, म्याद भए रहेको प्रमाण र नेपाल सरकारले तोकेको भौगोलिक क्षेत्र भित्रको भए नभएको सम्बन्धमा न्यायाधिकरणले मिसिलको प्रारम्भिक अध्ययन गरी यकिन गर्नु पर्ने देखियो। प्रचलित ऐन नियममा तोकिएका सबै विधि र रित पुऱ्याई दर्ता भए/नभएको सम्बन्धमा समग्र न्यायाधिकरणको जिम्मेवारी हुने देखिन्छ। ऐनको दफा ९ बमोजिमको धरौटी भए/नभएको यकिन गर्ने काम राजस्व तथा लेखा सदस्यले गर्नु पदीय विज्ञता र अनुभवका आधारमा गर्नु पर्ने देखिन्छ। यस सम्बन्धमा लेखा सदस्य र निमित्त अध्यक्षको हैसियत राजस्व न्यायाधिकरण काठमाण्डौको क्रमशः चलानी नं. १५६६ मिति २०७७।१२।१३ को पत्र र चलानी नं. मुद्दा फाँट५९ मिति २०७८।११।१३ को पत्रबाट न्यायाधिकरण प्रशासनलाई धरौटी गणना तथा धरौटीको प्रमाण मिसिल संलग्न गर्न गराउन लिखित निर्देशन दिई सम्मानीत सर्वोच्च अदालत, सार्वजनिक लेखा समिति, सम्मानीय प्रधानन्यायाधीशज्यू, न्याय परिषद्, न्याय सेवा आयोग, महालेखा परीक्षक र अर्थ मन्त्रालय समेत निकायमा वोधार्थ दिएको उक्त पत्रहरुमा उल्लेख गरी तोकिएका कामहरु भएको मिसिल अध्ययन गर्दा देखिएन। प्रचलित कानूनले तोके बमोजिमका सबै विधि र प्रकृया सम्पन्न भएको यकिन गरेर मात्र अन्तिम सुनुवाइ गरी फैसला गरिने र प्रकृयागत त्रुटी भएको देखिएमा विषय विज्ञको राय बमोजिम निर्णय गर्नु उचित हुने व्यहोरा तथा राजस्व, धरौटी, विनियोजन, कोष, आय, व्यय, डेविट, क्रेडिट, वासलात, नाफा/नोक्सान खाता सर्वसञ्चित कोषमा दाखिला हुने रकम, धरौटी खातामा दाखिला गर्नु पर्ने रकम आदि विषयका सम्बन्धमा लेखा सदस्यले प्रचलित कानूनमा भएको व्यवस्था सहित निर्णयमा पुग्नू अघि आफ्नो राय लिखित रुपमा उल्लेख गर्नु ऐनको दफा ३ को उपदफा (३० को देहाय (क) मा रहेको पद नामको कर्तव्य भित्र पर्ने व्यहोरा समेत फैसलाको तथ्य खण्डमै उल्लेख गर्नु पर्ने देखियो।

३. यसै गरी राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिला नगरी पुनरावेदन दर्ता भएका मुद्दाहरुको फैसला भएमा ऐ. ऐनको दफा ८ अनुसार

सर्वोच्च अदालतमा पुनरावेदन दिन पाउने हक अधिकारबाट करदाता पुनरावेदक बञ्चित भई फैसलामा "अधिकारक्षेत्रको प्रश्न बुझ्नु पर्ने प्रमाण नबेझेको वा बुझ्नु नहुने प्रमाण बुझेको वा बाध्यात्मक रुपमा पालन गर्नु पर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लंघन भएको प्रन र गम्भीर कानूनी त्रुटी सम्बन्धी प्रश्न" उठि प्रत्यक्ष कानूनी त्रुटी भई न्यायाधिकरणको निर्णय पूर्ण वा आंशिक रुपमा उल्टिने देखी सर्वोच्च अदातलले आफू समक्ष पुनरावेदन गर्न अनुमति दिएकोमा न्यायाधिकरणको फैसला वा अन्तिम आदेश उपर दफा ९ बमोजिमको धरौटी नराखी वा तोकिए बमोजिमको सम्पूर्ण रकम धरौटी खातामा रकम दाखिला नगरी पुनरावेदन दर्ता गर्दा वा दर्ता भएको पुनरावेदन उपर फैसला हुँदा कार्यविधि सम्बन्धी वाध्यकारी कानूनी व्यवस्थाको उल्लंघन हुनगई सर्वोच्च अदालतमा पुनरावेदन लागि करदाताको हितमा प्रतिकुल असर पर्ने समेत देखिएकोले पछि पुष्टी हुने मिसिल संलग्न तथ्य, कानूनी व्यवस्था र सर्बोच्च अदालतबाट भन्सार विभाग तथा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकका लागि दाखिला गर्नु पर्ने भन्सार महशुल बापतको रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्न राख्नु पर्ने धरौटी रकम सम्बन्धमा भएको विवादमा भएका पूर्व फैसला, आदेश र निर्णय समेत हेरी निम्न बमोजिम विषयमा यकिन गरेर मात्र निर्णयमा पुग्नु पर्ने देखियो।

क) भन्सार ऐन,२०६४ दफा २२, २१, २०, १३, ६१, ६१क तथा ६२ मा तोकिए बमोजिम भन्सार अधिकृतले गरेको मूल्याङ्कन, मालवस्तुको वर्गीकरण र महशुल निर्धारण तथा तोकिए बमोजिमको कार्यविधि मिले ? नमिलेको ? र पुनरावेदकले प्रचलित ऐनमा तोकिएको म्याद भित्र प्रकृया पुरा गरी पुनरावेदन दर्ता गरेको हो ? हैन ?

ख) राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको अधिकार क्षेत्र भित्र परेको प्रस्तुत पुनरावेदन दर्ता गर्दा दाखिल गर्नु पर्ने दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिल भएको छ ? छैन ?

ग) ऐ. दफाको उपदफा (१) बमोजिम भन्सार महशुल तर्फको पुनरावेदन दर्ताका लागि तोकिएको देहायको खण्ड (ख) बमोजिम धरौटी नराखी दर्ता भएको पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय गर्नुको औचित्य हुने ? नहुने ? सम्बन्धमा निर्णय गरी फैसला गर्नु पर्ने देखिन आयो।

४. भन्सार ऐन,२०६४ दफा २२, २१, २०, १३, ६१, ६१क तथा ६२ सम्बन्धमा भएको व्यवस्था हेरी पुनरावेदन दर्ता कार्यविधि र हदम्याद सम्बन्धमा यकिन गर्नु पर्ने देखियो।

भन्सार ऐन २०६४ को दफा १३ मा पैठारी हुने मालवस्तुको भन्सार मूल्य निर्धारण गर्ने आधार सम्बन्धमा उपदफा (१) देखि उपदफा (१३) सम्मका व्यवस्थाका अतिरिक्त आर्थिक ऐन २०७५ द्वारा संशोधन तथा थप भई उपदफा (२०) सम्ममा स्पष्ट व्यवस्था गरेको छ। भन्सार अधिकृतले

मालवस्तुको वर्गीकरण, महशुल निर्धारण गर्ने सम्बन्धमा दफा २२ मा स्पष्ट उल्लेख गरेको छ। दफा २२ को उपदफा (१) मा दफा २१ बमोजिम भन्सार महशुल निर्धारण भएपछि भन्सार अधिकृतले घोषित मालवस्तु प्रचलित आर्थिक ऐन अनुसारको उपशीर्षक बमोजिम वर्गीकरण भए नभएको जाँचगर्नु पर्ने र त्यसरी जाँचगर्दा दफा ६१क को उपदफा (३) मा उल्लिखित विषयलाई समेत आधार लिई वर्गीकरण ठिक भए वा नभएको यकिन गर्ने व्यवस्था गरेको छ।

1) यसै गरी भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा (१) बमोजिम मालवस्तुको वर्गीकरण र मूल्य निर्धारण गर्न दफा २१ बमोजिम मूल्याङ्कन गरी पैठारी हुने सामानको दफा २० वमोजिम मालवस्तु वा कागजात जाँच गरेपछि भन्सार अधिकृतले पैठारी हुने मालवस्तुको मूल्य ऐ. ऐनको दफा १३  बमोजिम निर्धारण गर्नु पर्ने उल्लेख भएकोले ऐनका दफा २२, २१, २०, १३ र ६१क एक आपसमा अन्तरसम्बन्धित रहेको पाइयो।
2) भन्सार ऐन २०६४ को दफा २२ बमोजिम माल वस्तुको वर्गीकरण तथा महशुल निर्धारण गर्न दफा २१ बमोजिम  भन्सार अधिकृतले माल वस्तुको मूल्याङ्कन गर्नु पर्ने, दफा २० बमोजिम मालवस्तुको जाँच गरी दफा २१ मा भएको व्यवस्था अनुसार पैठारी हुने मालवस्तुको मूल्य निर्धारण गर्दा दफा १३ बमोजिम गर्नु पर्ने उल्लेख गरेको छ।
3) भन्सार ऐन २०६४ को दफा २ परिभाषाको (र) अनुसार महानिर्देशक भन्नाले भन्सार विभागको महानिर्देशक सम्झनु पर्दछ भनिएको छ। दफा ६१क को उपदफा (१) अनुसार भन्सार अधिकृतले दफा २२ बमोजिम गरेको मालवस्तुको वर्गीकरण गरी दफा १३ वमोजिम मूल्य निर्धारण गरिएको निर्णय उपर चित्त नवुझे ऐ.ऐनको दफा ६१ को उपदफा (२) बमोजिम तीस दिन भिध गठित मूल्याङ्कन पुनरावलोकन समिति समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्ने र दफा २२ बमोजिम मालवस्तुको वर्गीकरणको निर्णय उपर चित्त नवुझे तीस दिन भित्र दफा ६१क अनुसार महानिर्देशक समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्ने व्यवस्था अनुसार पुनरावेदकले निवेदन दिएको मिसिल सम्लग्न कागजातबाट देखिएन।

५. यस सम्बन्धमा मिसिल अध्ययन गर्दा भन्सार सुख्खा वन्दरगाह भन्सार कार्यालयबाट हिम इलेक्ट्रोनिक्स प्रा.लि. काठमाण्डौ (स्थायी लेखा नं ३०००४४६२७) ले पैठारी गरेको सामानको मूल प्रज्ञापन पत्र नं. M१७३२८ सन् ८ अक्टोवर २०१८ मा चेकजाँच गर्दा पैठारी कर्ताले घोषणा गरेको शिर्षक ८५२९.९०.१० भनिएका सामानको भन्सार विभागको प.सं. वर्गीकरण परिपत्र/ ०७५/७६ च.नं. १२८ को पत्र र मिति २०७५।०४।२४ को निर्णयानुसार LED TV PANELS भनिएको मालवस्तुको भन्सार वर्गीकरण उपशिर्षक ८५२८.७२.०० अन्तर्गत पर्ने भनि सोहि बमोजिम नै वर्गीकरण अनुसारको नपुग रकम प्रज्ञापन पत्र नं. M१७३३६ सन् ८ अक्टोवर २०१८ मै प्रज्ञापन पत्र भरी सामानजाँचपास गरेको देखिएको छ। सो वर्गीकरण नबुझेको सम्बन्धमा भन्सार ऐन २०६४ को दफा ६१क को उपदफा (१) बमोजिम मालवस्तु जाँचपास भएको मितिले ३० दिन मिति

२०७५।०७।२३ भित्र प्रस्तुत पुनरावेदकले पुनरावलोकनका लागि महानिर्देशक समक्ष निवेदन दिएको नदेखिएकोले सो निर्णय स्वीकार गरेको देखियो। कार्यालयको आन्तरिक प्रयोजनका लागि सुख्खा वन्दरगाह भन्सार कार्यालय सिर्सियाले मिति २०७५।०६।२६ मा LED TV PANELS भनिएको मालवस्तुको भन्सार उपशिर्षक ८५२८.७२.०० हुने गरी मिति २०७५।०४।२४ को निर्णयानुसार नै सिफारिश गरी च.नं.६७४ मिति २०७५।०६।२६ मा पठाएकोमा भन्सार विभागका महानिर्देशक रामेश्वर दंगालबाट मिति २०७५।०४।२४ को निर्णय बमोजिम नै मिति २०७६।०५।०६ पुनः निर्णय गरी सबै भन्सार कार्यालयहरुलाई सो सामानको भन्सार उपशिर्षक ८५२८.७२.०० नै तोकि पुन परिपत्र/०७६/७७ च.नं.म.व.टि.फा.५४/२०७५/७६-१८२ परिपत्र गरेको देखिन्छ।

६. भन्सार उपशिर्षक ८५२८.७२.०००० बाट थप भन्सार महशुल असुल गर्ने निर्णय उपर चित्त नवुझेमा भन्सार ऐन २०६४ को दफा ६१क बमोजिमको महानिर्देशक समक्ष पुनरावलोकनका लागि मिति १६ नोभेम्बर २०१८ पछिको तीस दिन भित्र ऐनमा तोकिएको कार्यविधि पुरा गरी निवेदन दिनु पर्नेमा सो गरेको नपाइएकोले उक्त वर्गीकरण वमोजिम सामान जाँचपास गरेको भोलिपल्ट पूर्व निर्णयानुसार भुक्तानी गरेको विवादित भन्सार महशुल निर्धारणको निर्णय उपर भन्सार ऐन २०६४ को दफा ६२ को उपदफा (५) बमोजिमको कार्यविधि पुरा नगरेकोले प्रस्तुत पुनरावेदन दर्ता गर्न मिल्ने देखिएन।हदम्याद नघाइ ऐनले तोकेको कार्यविधि समेत पुरा नगरेको अवस्थामा ९ महिना २१ दिन पछि मिति २०७६।७।२१ मा राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता भएको देखिएकोले हदम्याद नाघेको कारण र निम्न बमोजिम तथ्य, पुनरावेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने धरौटी पनि दाखिला नगरेको प्रस्तुत पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय गर्नु पर्ने देखिएन।

७. पैठारी भएको Samsung Pannel of LED TV को पुनरावेदकले घोषणा गरेको कारोवार मूल्यका आधारमा लाग्ने भन्सार महशुल प्र.द.नं. M१९६३९ सन् १५ नोभेम्बर २०१८ बाट रु.२,४३,७०,३२६।– सकेपछि भन्सार अधिकृतले गरेको पैठारी भएको उक्त मालवस्तुको मूल्याङ्कन तथा वर्गीकरण गरे मुताविक भन्सार ऐन २०६४ को दफा १३ बमोजिम थप निर्धारण भएको स्वीकार गरी ID रु.२,००,५७,८७१।-, ECS रु.२०,०५,७८७।- र VAT रु.२८,६८,२८१।- समेत मिति२०७५।०७।३० (१६ नोभेम्बर २०१८) को प्रज्ञापनपत्र M१९६८९ बाट रु.२,४९,३१,९३९।- दाखिला गरी सामान जाँचपास गरेको देखिएको छ।उक्त थप निर्धारित भन्सार मूल्य उपर चित्त नवुझेमा भन्सार ऐन २०६४ को दफा ६१ बमोजिमको मूल्याङ्कन पुनरावलोक समितिमा पुनरावलोकनका लागि मिति १६ नोभेम्बर २०१८ पछिको तीस दिन भित्र ऐनमा तोकिएको कार्यविधि पुरा गरी निवेदन दिनु पर्नेमा सो गरेको नपाइएकोले उक्त विवादित भन्सार महशुल निर्धारणको निर्णय उपर भन्सार ऐन २०६४ को दफा ६२ बमोजिम पुनरावेदन दर्ता गर्न मिल्ने देखिएन।हदम्याद नघाइ

ऐनले तोकेको कार्यविधि समेत पुरा नगरेको अवस्थामा ११ महिना २१ दिन पछि मिति २०७६।७।२१ मा राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता भएको देखिएकोले हदम्याद नाघेको कारण प्रस्तुत पुनरावेदन खारेज हुने ठहर्छ।

८. प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दाका वखत राख्नु पर्ने धरौटी दाखिला भएको नदेखिएको, हदम्याद नाघेको तथा पुनरावलोक सम्बन्धी कार्यविधि पुरा नगरेको सन्दर्भमा पुनरावेदक तथा प्रत्यर्थी तर्फका विद्वानलाई म लेखा सदस्यबाट धरौटी रकम दाखिला भएको देखिएन हदम्याद नाघेको र पुनरावलोकनका लागि निवेदन दिएको नदेखिएको भनि प्रष्ट पार्न अनुरोध गर्दा पुनरावेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री रमण कुमार कर्णबाट निर्धारित करको तोकिए अनुसारको रकम अग्रिम दाखिला भएको, निर्णयकर्ता भन्सार विभागको महानिर्देशक सरहको व्यक्ति भएको भन्ने बुझाइ रहेको निजले सामानजाँचपास गर्दा दाखिला गरेको रकम सदरस्याहा गर्न  गरेको निर्णयको जानकारी पाएको मिति २०७६।। पछि हदम्याद भित्रै मिति २०७६।७।२१ पुनरावेदन दर्ता गर्न आएकोले सोको आधारमा पुनरावेदन दर्ता भएको हो भन्ने जिकिर सहितको बहस र प्रत्यर्थी तर्फका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीबाट राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने विवादित भन्सार महशुलको शत प्रतिशतले हुने धरौटी रकम दाखिला गरेको देखिएन; हदम्याद नाघेको तथा पुनरावलोकन सम्बन्धी कार्यविधि पुरा गरे/नगरेको सम्वन्धमा समेत सम्मानित इजलासबाट यकिन गरी नियमानुसार हुने नै छ भन्ने बहस समेत सुनियो।

९. करदाता पुनरावेदकले पुनरावेदन पत्र दर्ता गर्दा पेश गरेका मिसिल सम्लग्न कागजात तथा कर निर्धारणको फोटोकपी पत्र र अप्रमाणित फोटोकपी भौचरहरु हेर्दा राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) बमोजिम धरौटी नराखि पुनरावेदन दर्तै नलाग्ने प्रस्तुत पुनरावेदन दर्ता भएको हो होइन यकिन गर्न मिसल सम्लग्न प्रमाण कागजातको थप अध्ययन गर्दा विवादित भन्सार महशुलको शत प्रतिशतले हुने धरौटी रकम दाखिला गरेको देखिएन; हदम्याद नाघेको तथा पुनरावलोकन सम्बन्धी कार्यविधि पुरा गरेको समेत देखिएन।

१०. मिसिल सम्लग्न प्रचलित कानून अनुसार पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने प्रमाण कागजातको अध्ययन गर्दा मूल्याङ्कन पुनरावलोकन समितिमा पुनरावलोकनका लागि निवेदन दिंदा भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा (७) बमोजिम सामान जाँचपास गर्दा लाग्ने भन्सार महशुल IDरु.२,००,५७,८७११।-, ECSरु.२०,०५,७८७।- र VATरु.२८,६८,२८१।- समेत मिति १६ नोभेम्बर २०१८ को प्रज्ञापनपत्र M१९६८९ बाट रु.२,४९,३१,९३९।- मात्र दाखिला गरेको देखिएको छ।भन्सार ऐन २०६४ को दफा २२ अनुसार मालवस्तु जाँचपास गर्दा कै समयमा जानकारी भएको विवादित भन्सार महसुल भुक्तानी गरी सोही मितिमा सामान छुटाएको देखिएको अवस्थामा दफा ६१क अनुसार तीस दिन भित्र

महानिर्देशक समक्ष पुनरावलोकनका लागि निवेदन दिएको मिसिल सम्लग्न कागजातबाट देखिएन। दफा ६१क बमोजिम निवेदन नदिएको तथा दफा ६१ मा तोकिए बमोजिमको हदम्याद भित्र मुल्यांकन पुनरावलोकन समितिमा निवेदन नदिने पैठारी कर्ताले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने देखिएन।पुनरावलोकनका लागि निवेदन दिने हदम्याद नाघेको तथा भन्सार ऐन २०६४ को दफा ६२ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा उक्त प्रज्ञापन पत्रानुसारको विवादित भन्सार महशुल रु.२,४९,३१,९३९।- को शतप्रतिशतले पुनरावेदन धरौटी रु.२,४९,३१,९३९।- नपुग भएको र पुनरावेदन दर्ता गर्न पुरा गर्नु पर्ने शर्त पुरा नगरेको हदम्याद समाप्त भएपछि दर्ता भएको प्रस्तुत पुनरावेदन प्रथम दृष्टि मै खारेज हुने देखि प्रत्यर्थी झिकाउने आदेशमा फरक राय पेश गरेकोमा मिसिल सम्लग्न कागजात तथा प्रमाणका आधारमा सो आदेशमा उल्लेखित व्यहोरामा परिवर्तन गर्नु पर्ने देखिएन।

११. राजस्व न्यायाधिकरणमा करदाताले पुनरावेदन दर्ता गर्न दाखिला गर्नु पर्ने रकम सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था अनुसार प्रशासकीय पुनरावलोकनका लागि निवेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने भन्सार महशुल र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी महशुल निर्धारण गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा अनिवार्य रुपमा राख्नु पर्ने र धरौटी नराखी पुनरावेदन लाग्ने छैन भनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा स्पष्ट उल्लेख छ। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिनु अघि प्रज्ञापन पत्र मार्फत संघीय सर्वसञ्चित कोषमा दाखिला भई रोक्का समेत नराखेको मालसामान जाँचपास गर्दा दाखिला गरेको रकमलाई धरौटीको रुपमा गणना गर्नुलाई प्रचलित कानूनको पालना भएको मान्न सकिएन। राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राखनै पर्ने धरौटी भन्सार कार्यालयले सम्बन्धित करदाताको तिर्नु पर्ने कर दायित्वमा स्वतः प्रणाली (System) ले मिलान गर्ने भएकोले राजस्व खातामा दाखिला भएको त्यस्तो रकमलाई धरौटीको रुपमा गणना गर्दा एउटै रकमको दोहोरो गणना हुने हुन्छ। राजस्व खातामा दाखिला भएको रकम रोक्का राख्ने स्वफ्टवेयर प्रणाली भन्सार विभाग/कार्यालयमा नभएको र सामान जाँचपास गर्दा भरेको प्रज्ञापन पत्र मात्र पेश गरेको अवस्थामा त्यस्तो पत्रमा उल्लेख गरेको रकमलाई धरौटी हो भनि पुनरावेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने धरौटी हो भनि गणना गर्न मिल्ने देखिएन। अतः धरौटी सम्बन्धी विवादमा सर्वोच्च अदालतबाट संवैधानिक परीक्षण भई जारी भएका निम्न उत्प्रेषण आदेश, प्रतिपादित नजिर तथा सिद्धान्त समेतको विश्लेषण गरी संक्षिप्त तथ्य सहित प्रस्तुत मुद्दाको ठहर यस प्रकार रहेको छः-

१२. भन्सार ऐन,२०६४ बमोजिम शुरु कार्यालयबाट निर्धारित (विवादित) कर रकमको शत प्रतिशतले हुने रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यहोरा राजस्व

न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) को (ख) मा स्पष्टसँग उल्लेख छ। ऐनको सो व्यवस्था बमोजिम पुनरावेदन पत्र दर्ता गर्न राख्नु पर्ने धरौटी आर्थिक कार्यविधि नियमावली¸२०६४को नियम ६२, हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३ बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दाका बखत राखिएको धरौटीको गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राख्नु पर्ने हुन्छ। आर्थिक कार्यविधि नियमावली¸२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२ को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा धरौटीको रुपमा राख्नु पर्ने उल्लेख छ।

१३. राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख भए अनुसार पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि. को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेत सँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउन भनी दिएको रिट नं. २०६३-WS-००१३, २०६३-WS-००१४, २०६३-WS-००१५, २०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनम "राजस्व न्यायाधिकरणका श्रेस्तेदारको मिति २०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन,२०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने कुनै कानूनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य कानून भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ" भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरी पाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन¸ २०३१ को दफा ९ को उपदफा (१) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो हदसम्म प्रस्तुत निवेदन खारेज

हुन्छ" भन्ने आदेश भई रिट निवेदन खारेज भई ऐनको दफा ९ को कानूनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

१४. यसै गरी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन दर्ता नं ०७५-RB-०२३० आयकर (२०७०/०७१) दर्ता भएको आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) बमोजिम लक्ष्मी स्टिल्स प्रा.लि. को संशोधित कर निर्धारण भई थप कर निर्धारण भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी राखी पुनरावेदन गर्नु पर्नेमा मिसिलमा संलग्न दाखिला भौचर तथा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचना पत्र समेतका विवरणहरुका आधारमा रु.५१,७८,७४६।७० नपुग भएको देखिएको धरौटी रकम १५ दिन भित्र जम्मा गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भन्ने यसै न्यायाधीकरणबाट आदेश भएको छ। सो आदेश उपर लक्ष्मी स्टिल्स प्रा.लि.ले सर्वोच्च अदालतमा दायर रिट नं. ०७७-WO-००४२ को निवेदन उपर मिति २०७७।४।१६ मा सर्वोच्च अदालतबाट जारी भएको उत्प्रेषण आदेश अनुसार सो मुद्दाको हकमा आयकर ऐन,२०५८ बमोजिम अनिवार्य रुपमा दाखिला गर्नु पर्ने ऐ ऐनको दफा ९४, ९९, १००,१०१ र दफा ३१क को उपदफा (६) मा तोकिए अनुसार समेत कर राजस्व खातामा दाखिला गरी आय विवरणसाथ दाखिला भएको देखिएको रु.७६,३५,६१४।- भएको सन्दर्भमा हेर्दा मिति २०७६।११।१२ को *(शुल्क र व्याजलाई जरिवाना मानी सो रकमको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम शतप्रतिशत धरौटी माग गर्दा पचास प्रतिशत मात्र धरौटी राख्न पाउनु पर्ने भनी भएको विवाद)* विवादित आदेशको यथावत कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले उक्त विवादको निरोपण नहुँदासम्म राजस्व न्यायाधिकरणमा परेको पुनरावेदन सम्बन्धी काम कारवाही नरोक्नु, पुनरावेदन दर्ता र सुनुवाई प्रकृया अगाडि वढाउनु भन्ने उक्त निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट उत्प्रेषण आदेश भएको छ।

१५. सर्वोच्च अदालतबाटै ०७२-RB-०४७० आयकर (२०६१/०६२) पुनरावेदक ठूला करदाता कार्यालय प्रत्यर्थी सूर्य नेपाल प्रा.लि. विरुद्धको मुद्दामा मिति २०७४।१०।२९ गते भएको फैसला अनुसार "राजस्व न्यायाधिकरणले गरेको आयकर ऐन,२०५८ को दफा ११५ को उपदफा (६) बमोजिमको प्रक्रिया पुरा गर्नु नपर्ने भनी गरेको व्याख्या कार्यविधि कानूनको सिद्धान्त विपरीत हुन्छ।कारवाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानूनी व्यवस्था आकर्षित हुने भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई न्यायोचित भन्न मिलेन। अतः विवेचित तथ्य सिध्दान्त एवं प्रमाणको आधारमा आयकर ऐन, २०५८ को दफा ११५ उपदफा (६) को व्यवस्था आर्थिक अध्यादेश २०६१/०६२ बाट खारेज भई धरौटी राख्ने व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे

बुझ्नु पर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई कानूनसम्मत मान्न मिलेन। उक्त फैसला बदर भई उल्टी हुने ठहर्छ" भनिएको छ।

१६. उल्लिखित सर्वोच्च अदालतबाट रिट नं. ०७२-RB-०४७० आयकर (२०६१/०६२) र माथि उल्लिखित रिट नं २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट निवेदनमा भएको फैसलाका आधारमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क को उपदफा (६) मा तोकिए बमोजिमको रकम दाखिला गरेपछि मात्र प्रशासकीय पुनरावेदन लाग्ने र राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी जम्मा गरेपछि मात्र प्रशासकीय पुनरावलोकनको निर्णयको विरुद्धमा राजस्व न्यायाधिरणमा मुद्दा लाग्ने व्यवस्था भएकोले ऐनमा स्पष्ट रुपमा तोकिएको र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसलामा उल्लेख भए अनुसार नै प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन कर रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन पत्र दर्ता गर्न धरौटी रकम दाखिला भएको प्रमाण संलग्न गराएर मात्र दर्ता प्रकृया अगाडि बढाउनु पर्ने देखिन्छ।

१७. प्रचलित आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार ऐनहरुमा तत् तत् आर्थिक वर्षका लागि विधायीकावाट जारी भएकन आर्थिक ऐनद्वारा भएको संशोधन र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसला अनुसार नै पुनरावलोकनका लागि निवेदन दिँदा र पुनरावेदन दर्ता गर्दा मूल्य अभिवृद्धि कर/आयकर तर्फको निर्धारित (विवादित) करको लागि पुनरावेदन पत्र आर्थिक वर्ष २०७५/०७६ सम्म क्रमशः विवादित रकमको ३३ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ८३ प्रतिशत रकम दाखिला गर्नु पर्ने, आर्थिक वर्ष २०७६/०७७ देखि आर्थिक वर्ष २०७८/०७९ सम्म विवादित रकमको २५ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ७५ प्रतिशत रकम दाखिला गर्नु पर्ने, र आर्थिक वर्ष २०७९/०८० देखि विवादित रकमको २५ प्रतिशत राजस्व र २५ प्रतिशत धरौटी गरी ५० प्रतिशत रकम धरौटी बापत दाखिला भएको प्रमाणित भौचर पुनरावेदन पत्र साथ संलग्न गरी पुनरावेदन दर्ता गर्नु पर्ने उल्लेख छ। साथै भन्सार तथा अन्तःशुल्क तर्फ भने निर्धारित (विवादित) अन्तःशुल्क तथा भन्सार महशुल रकमको शत प्रतिशतले हुने रकम सम्बन्धित कर निर्धारण गर्ने अधिकृतले तोके बमोजिम धरौटी दाखिला गरी सोको प्रमाणित भौचर संलग्न गराएर मात्र पुनरावेदन पत्र दर्ता गर्नु पर्ने उल्लेखछ।प्रस्तुत मुद्दाको मिसिल सम्लग्न गरेका प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने क्रममा र सो पश्चात संघीय सर्वसञ्चित कोषमा दाखिला गरेको पुनरावेदकले धरौटी भनेको राजस्व खातामा दाखिला भएका अप्रमाणित फोटोकपी भौचरहरुमा उल्लेख भएअनुसारको रकमलाई समेत गणना गर्दा पनि पुनरावेदन दर्ता गर्दा प्रचलित ऐन

अनुसार अनिवार्यरुपमा राख्नु पर्ने रु.२,४९,३१,९३९।- धरौटी नपुग भएको अवस्थामा पनि पुनरावेदन दर्ता गरेको पाइयो।

१८. सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई सदर ठहरिएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा वा उच्च अदालतमा पुनरावेदन गर्दाका देहाय बमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन" भन्ने व्यवस्था रही ऐ. को खण्ड (ख) मा भन्सार महशुल तर्फ राख्नु पर्ने विवादरहित भन्सार महशुल बाहेकको थप निर्धारित (विवादित) भन्सार महशुल रु.२,४९,३१,९३९।- को शत प्रतिशतले हुने धरौटी रु.२,४९,३१,९३९।- दाखिला गर्नु पर्नेमा सो गरेको नदेखिएकोले पुनरावेदन धरौटी दाखिलाको सक्कल बैक भौचर वा निस्सा १५ दिन भित्र पुनरावेदकलाई दाखिल गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट राख्दा मेरो उक्त रायमा असहमति जनाउँदै सहकर्मीद्वय कानून सदस्य र राजस्व सदस्यबाट भन्सार ऐन २०६४ को दफा ६१क बमोजिमको म्याद भित्र महानिर्देशक समक्ष पुनरावलोकनका लागि निवेदन नदिई तोकिएका प्रकृया समेत पुरा नगरेको प्रस्तुत मुद्दाको फैसला गर्ने निर्णय भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिम हुने रु.२,४९,३१,९३९।- धरौटी नराखी पुनरावेदन दर्तै नलाग्ने पुनरावेदन दर्ता भएको प्रस्तुत मुद्दामा गरिएको फैसलाको राय ठहरमा सहमत हुन सकिएन।

१९. अतः राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नुपर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२, सर्वोच्च अदालतबाट रिट नं २०६३-WS-००१३ देखि १७ समेतका रिट निवेदन र मुद्दा नं. ०७२-RB-०४७० आयकर (०६१/०६२) का फैसलामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्य रुपमा राख्नुपर्ने धरौटी नराखी दर्ता भएको मुद्दाको तथ्य भित्र प्रवेश गरी निर्णय गर्नु पर्ने औचित्य नै नहुने प्रस्तुत मुद्दामा माननीय अध्यक्ष र राजस्व सदस्यबाट भएको " समेतबाट भन्सार विभागले LCD/LED TV PANELS भनिएको मालवस्तुलाई मिति २०७१।०३।१७ को निर्णय अनुसार ८५२९.९०.०० अन्तर्गत वर्गीकरण गर्ने भनी परिपत्र गरेको मिसिल संलग्न प्रमाणबाट देखिएको स्थितिमा यस पूर्व वर्गीकरण नभएको भन्ने गतल तथ्य उल्लेख गरि पूर्व निर्णय भन्दा फरक गरी उक्त मालवस्तुलाई भन्सार उपशिर्षक ८५२८.७२.०० बाट वर्गीकरण गर्न पर्नाको आधार र कारण नखोली भन्सार विभागका महानिर्देशकवाट मिति २०७६।०५।०६ मा गरिएको वर्गीकरण त्रुटी पूर्ण हुँदा बदर गरि दिएको छ। अव पूर्व निर्णय समेतको विवेचना गरी

वर्गीकरण सम्बन्धमा आधार र कारण खोली पुन निर्णय गर्नु भनी मिसिल भन्सार विभागमा पठाइदिने ठहर्छ" भनी भएको बहुमत सदस्यको फैसलामा सहमत हुन नसकी देहाय बमोजिम फरक राय सहितको ठहर गर्दछु:-

२०. यसमा पुनरावेदक हिम इलेक्ट्रोनिक्स प्रा.लि. (इम्पोर्टर नं 3000446270134NP) को भन्सार महशुल (M१९६६९) को मुद्दा भन्सार ऐन, २०६४ अनुसार सामान जाँचपास गर्दाको विवादित (M१९६८९) १६ नोभेम्बर २०१८ अनुसार ID रु.२००५७८७१।-, ECS रु.२०,०५,७८७।-रVATरु.२८,६८,२८१।-समेत रु.२,४९,३१,९३९।- सर्वसञ्चितकोषमा दाखिला भएको देखिएको छ। भन्सार ऐन, २०६४ को दफा ६२ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) बमोजिम पुनरावलोकनका लागि निवेदन र पुनरावेदन पत्र दर्तागर्दा दाखिल गर्नु पर्ने राजस्व तथा धरौटी सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था सो सम्बन्धमा सर्वोच्च अदालतबाट २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट तथा ०७२-RB-०४७० आयकर मुद्दामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त अनुसार समेत राख्नु पर्ने निर्धारित (विवादित) भन्सार महशुल रु.२,४९,३१,९३९।- को शत प्रतिशतले हुने रु.२,४९,३१,९३९।- धरौटी राखेको नदेखिएको र भन्सार ऐन, २०६४ को दफा ६२ को उपदफा (५) बमोजिमको प्रकृया पुरा नगरी हदम्याद नाघेको देखिएको कारण २०७९।०१।०९ मा प्रत्यर्थी झिकाउने आदेश हुँदाका बखत मै दर्ता खारेज हुने फरक राय सहितको आदेश भएकोमा हालसम्म पनि धरौटी राखेको पाइएन। अतः राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) बमोजिमको धरौटी दाखिल नगरी/नगराई दर्ता भएको प्रस्तुत पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय गर्न मिलेन। खारेज हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन।

(पुष्प प्रसाद गुरागाईं)
लेखा सदस्य

<u>फैसला तयारीमा सहयोग गर्ने:-</u>

इजलास अधिकृत:- सरिता रिजाल

कम्प्यूटर टाइप:- चन्द्रबहादुर नेपाली

फैसला मिति:-२०७९।०४।२६।५

प्रमाणीकरण गर्ने लेखा सदस्य

फैसला प्रमाणीकरण मिति:-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप